# सिम्ता गाउँपालिकाको

# मानसिक स्वास्थ्य सहायता कोष सञ्चालन सम्वन्धी कार्यविधि २०८१

सिम्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राकम, सुर्खेत

# गाउँ कार्यपालिकाको कार्यालय

राकम, सुर्खेत

सिम्ता गाउँपालिका, राकम, सुर्खेतको

# मानसिक स्वास्थ्य सहायता कोष सञ्चालन कार्यविधि २०८१

स्वीकृत मितिः २०८१।३।२५

**प्रशतावना ः** नेपालको संविधानले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकका साथै आधारभूत स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा व्यवस्था गरी संवैधानिक मान्यता प्रदान गरेको छ । जनस्वास्थ्य ऐन २०७५ को दफा ३ को उपदफा ४ मा मानसिक रोग सम्वन्धि सेवालाई पनि आधारभूत स्वास्थ्य सेवाको सूचीमा राखी उक्त सेवा प्रत्येक नागरिकलाई निशुल्क प्रास गर्ने हक हुनेछ भन्ने कुरा उल्लेख छ । मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिलाई बाधेर राख्ने वा थुन्ने कार्यलाई अपराधका रुपमा पहिचान गरेको छ । जनस्वास्थ्य नियमावली २०७७ को अनुसुची १ र २ मा पनि मानसिक स्वास्थ्यलाई आधारभूत र आकस्मिक स्वास्थ्य सेवामा समावेश गर्दै संघ, प्रदेश र स्थानीय स्तरबाट उपलब्ध गराउने ब्यवस्था गरेको छ । नेपालको स्वास्थ्य नीति २०७६ ले मानसिक स्वास्थ्यको महत्वलाई आत्मसाथ गर्दै २५ विभिन्न उपशीर्षकका नीति अन्तर्गत मानसिक स्वास्थ्यलाई समेटेको छ । अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि संयुक्त राष्ट्रसंघीय महासन्धि, २००६, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धि ऐन २०७४ को दफा ३५ ले मानसिक वा मनोसामाजिक (साईको सोसियल) अपाङ्गता भएका व्यक्तिका लागि तपशिल बमोजिमका थप सेवा, सुविधा उपलब्ध गर्ने गराउने बारे उल्लेख गरेको छ । नेपाल सरकारले मानसिक वा मनोसामाजिक अपाङ्गता भएका ब्यक्तिलाई निज, निजका परिवारका सदस्य वा संरक्षकले छनौट गरेको सामुदायिक अस्पताल वा स्वास्थ्य केन्द्रमा राखी उपचार गराउने ब्यवस्था मिलाउनेछ । नेपाल सरकारले मानसिक वा मनोसामाजिक अपाङ्गता भएका ब्यक्तिलाई आवश्यक पर्ने औषधि र मनोपरामर्श सेवा निःशुल्क उपलब्ध गराउने व्यवस्था छ । नेपाल सरकारले घर परिवारवाट उपेक्षित भएका मानसिक वा मनोसामाजिक अपाङ्गता भएका ब्यक्तिलाई उपचार गरी पुनरुथापना गर्न वा पारिवारिक पुनर्मिलन गराउने व्यवस्था गरेको र यस सिम्ता गाउँपालिकाको स्वास्थ्य नीति २०७६ को रणनीति ३.४ मा बढ्दो नैरास्यता तथा मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने ब्यवस्था मिलाइनेछ साथै निश्चित स्थान र समयमा बिशेषज्ञ मानसिक स्वास्थ्य सेवा शिविर संचालन र रणनीति ३.५ मा मानसिक रोगीका लागि पुनरुथापना केन्द्रहरुसँग सहकार्य गरी त्यहाँसम्म पुऱ्याउने र उपचार गर्ने व्यवस्था गरिनेछ भनिएको छ । यी रणनीतिहरुलाई आधार मानेर सिम्ता गाउँ कार्यपालिकाको मिति २०८१।०३।२५ को सभाले यो कार्यविधि निर्माण गरी लागु गरीएको छ ।

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिको नाम "मानसिक स्वास्थ्यसमस्या सहाय्रता कोष सञ्चालन कार्यविधि २०८१" रहेकोछ।

२) यो कार्यविधि गाउँ कार्यपालिकाले निर्णय गरेको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा ः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

सिम्ता गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राकम, सुर्खेत कर्णाली प्रदेश, नेपाल

रुद्र बहादुर चन्द अध्यक्ष

क) "गाउँपालिका" भन्नाले सिम्ता गाउँपालिका सम्झनुपर्दछ ।

ख) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

ग) "गाउँसभा" भन्नाले संविधानको धारा २२३ को उपधारा १ बमोजिमको गाउँसभा सम्झनुपर्दछ ।

घ) "पदाधिकारी" भन्नाले अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरू सम्झनुपर्दछ ।

ङ) ''मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति" भन्नाले देहायको अवस्थामा रहेका व्यक्ति सम्झनुपर्छ ।

१) मनोसामाजिक समस्या भएको

२) मानसिक स्वास्थ्य समस्या भएको

३) अपाङ्गता भएका वा त्यसको जोखिममा रहेका व्यक्ति

४) मनोसामाजिक तथा मानसिक स्वास्थ्य समस्या भएका बालबालिका तथा किशोर किशोरीहरु

५) मानसिक स्वास्थ्य समस्या भएका र मनोसामाजिक अपाङ्गता भएका ब्यक्ति

६) मानसिक स्वास्थ्य समस्याको औषधि सेवन गरिरहेका व्यक्ति

७) मानसिक स्वास्थ्य समस्या र आर्थिक विपन्न भएका ब्यक्ति

च) "समिति" भन्नाले मानसिक स्वास्थ्य समन्वय समिति सम्झनुपर्छ ।

छ) "सहायता कोष" भन्नाले मानसिक स्वास्थ्य समस्या सहायता कोष सञ्चालन सम्झनुपर्छ ।

३. मानसिक स्वास्थ्य समस्या कोषको उद्देश्यः

१) अति आर्थिक विपन्न र मानसिक स्वास्थ्य समस्या भएका व्यक्तीहरुलाई स्वास्थ्य बिमामा आबद्दता गराउने।

२) आपतकालिन अवस्थामा मानसिक स्वास्थ्यको विशिष्टिकृत मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने ।

४. कोषको स्थापनाः

१) मनोसामाजिक तथा मानसिक स्वास्थ्य समस्या भएका बालबालिका तथा किशोर किशोरीहरु र मानसिक स्वास्थ्य समस्या भएका र मनोसामाजिक अपाङ्गता भएका व्यक्तीहरुलाई तत्काल उद्धार, स्वास्थ्य विमा, स्वास्थोपचार र पुनस्थापना सहितको सहयोगका लागि गाउँपालिकामा मानसिक स्वास्थ्य समस्या सहायता नामको एक कोष स्थापना गरिएको छ ।

२) कोषमा देहायबमोजिमका रकमहरू रहनेछन्:

क) गाउँपालिकाबाट प्राप्त रकम

ख) संघ तथा प्रदेश सरकार एवं गैरसरकारी संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

ग) स्थानीय सरकारले मानसिक स्वास्थ्यको क्षेत्रमा विनियोजन गर्ने बजेट मध्येको केही प्रतिशत रकम

घ) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

५. कोषको उपयोगः

कोषको रकम देहायको कामका लागि उपयोग गरिनेछ ।

क) मानसिक स्वास्थ्य समस्यामा रहेका व्यक्तीलाई स्वास्थ्य बिमामा जोड्ने ।

ख) मानसिक स्वास्थ्य समस्यामा रहेका व्यक्तीलाई स्वास्थोपचार गर्ने तथा पुनरुथापना गर्ने,

सिम्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राकम, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७२

ऐन बहादुर चन्द
अध्यक्ष

ग) मानसिक स्वास्थ्य समस्यामा रहेका व्यक्तीलाई विशिष्ट मानसिक स्वास्थ्य सेवा दिन,

घ) मानसिक स्वास्थ्य समस्या सहायता सञ्चालन समितिबाट स्वीकृत कार्यक्रम सञ्चालन गर्न,

ङ) मानसिक स्वास्थ्य सहायता सम्बन्धमा समितिले तोकेबमोजिमको समस्या न्यूनीकरणका कार्य गर्न र गराउन ।

च) मानसिक स्वास्थ्य समस्या र अपाङ्गता भएका व्यक्तीलाई सहयोग गर्दा जोखिमताको अवस्थालाई आधार मानी सहयोग रकम निर्धारण गरिनेछ । जसमा निम्न कुरालाई मध्यनजर गरिनेछ ।

छ) स्वास्थ्य बिमाः रु. ३,५००/- सम्मको सहयोग,

ज) विशिष्टिकृत मानसिक स्वास्थ्य सेवा बढीमा रु.५०००/- सम्मको सहयोग गर्न सकिनेछ ।

**६. मानसिक स्वास्थ्य सहायता कोष सञ्चालनका लागि समिति गठन**

१) कोषको सञ्चालन, व्यवस्थापन तथा खर्च गर्ने काम समेतका लागि एक कोष सञ्चालक समिति रहनेछ ।

२) गाउँपालिकामा कोष सञ्चालक समितिको गठन देहायबमोजिम हुनेछ ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | संयोजक |
| ख) उपाध्यक्ष | सदस्य |
| ग) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| घ) सामाजिक विकास समिति संयोजक | सदस्य |
| ङ) शिक्षा शाखा प्रमुख | सदस्य |
| च) महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य |
| छ) संयोजकले तोकेको मानसिक स्वास्थ्यको क्षेत्रमा काम गर्ने कर्मचारी | सदस्य |
| ज) संयोजकले तोकेको मनोसामाजिक तथा मानसिक अपाङ्गता भएको व्यक्ती | सदस्य |
| झ) स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

**७. मानसिक स्वास्थ्य सहायता कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार**

समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

क) मानसिक स्वास्थ्य समस्या र अपाङ्गता भएका व्यक्तीलाई स्वास्थ्य बिमा, स्वास्थोपचार गर्ने, पुनरुस्थापना गर्ने,

ख) स्वीकृत कार्यक्रमका लागि कोष परिचालन गर्ने वा गराउने,

ग) मानसिक स्वास्थ्य समस्या र अपाङ्गता भएका व्यक्तीलाई सहयोग स्वरुप दिइने रकमको मापदण्ड बनाई लागू गर्ने,

घ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

ङ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने ।

च) मानसिक स्वास्थ्य क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

**८. समितिको बैठक र निर्णयः**

१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

लिम्चा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राकम, सुर्खेत कर्णाली प्रदेश, नेपाल

पूर्ण बहादुर चन्द अध्यक्ष

३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिका सदस्य–सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरूलाई दिनुपर्नेछ ।

४) समितिका दुई तिहाई सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

५) समितिको बैठकको अध्यक्षता समितिका संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

७) समितिको निर्णय समितिको सदस्य–सचिवले प्रमाणित गरी राख्नेछ ।

८) समितिको बैठक सम्बन्धि अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

**९. खाताको सञ्चालनः**

१) कोषको रकम पालिकाको विविध खातामा जम्मा गरी कोष संचालन गरीनेछ ।

**१०. कोषको लेखा र लेखापरीक्षणः**

१) कोषको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**११.अभिलेख राख्नेः**

समितिले आफूले गरेको काम कार्वाहीहरूको अभिलेख दुरूस्त राख्नुपर्नेछ ।

## अनुसूची १

**समितिका लागि आवश्यक कागजातहरु**

१) सेवाग्राहीको निवेदन ।

२) वडा कार्यालयको सिफारिस ।

३) मानसिक स्वास्थ्य समस्या अवस्थाको पहिचान फारम ।

४) अपाङ्गता भएमा अपाङ्गता परिचयपत्र ।

सिम्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राकम, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

कृष्ण बहादुर चन्द
अध्यक्ष

**आज्ञाले**

भलाराम पंगाली

प्रमुख प्रशासकीय अधिकृत